# ओ.टि.सि. (ओभर द काउण्टर ) बजार  सम्बन्धी संक्षिप्त जानकारी

**परिचय :**

सूचीकरण खारेज भएका र सूचिकरण हुन नसकेका कम्पनीहरुको शेयर लगानीमा तरलता उपलब्ध गराउने र संगठित संस्थालाई पूँजी संकलनको अवसर दिने उद्देश्यले नेपाल स्टक एक्सचेन्ज लिमिटेडले संचालन गर्ने बजार नै ओ.टि.सि.(ओभर द काउण्टर) बजार हो । यो बजार ओ.टि.सि. बजारसम्बन्धी बिनियमावली, २०६५ अनुसार संचालित हुनेछ । यहाँ स्टक एक्सचेन्जले आफ्नो स्वचालित कारोबार बाहेक छुट्टै काउण्टर खोली खरिदकर्ता र विक्रीकर्ताको आपसी मोलतोलमा धितोपत्रको खरिदविक्री गराउँछ । शुक्रवार र सार्वजनिक विदाका दिनहरुमा बाहेक साताभर विहान ११ बजेदेखि अपरान्ह १ बजेसम्म स्टक एक्सचेन्जको ओटीसी बजारमा दलाल बिना खरिदकर्ता र विक्रीकर्ताबीच सिधै कारोवार हुन्छ ।

**कारोबार हुनसक्ने धितोपत्रहरु :**

ओ.टी. सी. बजार संचालन विनियमावलीको  विनियम ९ मा निम्न प्रकारका धितोपत्रहरुको कारोबार ओटीसी बजारमा हुनसक्ने व्यवस्था छ :

- धितोपत्र बजारले सूचीकरण खारेज गरेका कम्पनीका धितोपत्रहरु
- धितोपत्र बजारको सूचीकरणका लागि आवश्यक शर्तहरु पूरा गर्न नसक्ने कम्पनीका धितोपत्रहरु
- सूचीकरण प्रकृयामा नआएका अन्य पब्लिक लिमिटेड कम्पनी तथा सरकारी संस्थाले सार्वजनिक निष्काशन गरेका धितोपत्रहरु

उपर्युक्तमध्ये धितोपत्र बजारले सूचीकरण खारेज गरेका कम्पनीहरुको धितोपत्र स्वत: ओ.टि.सि. बजारमा कारोबार हुनेछ भने त्यस बाहेकका संगठित संस्थाले त्यस्तो कारोबारका लागि धितोपत्रहरु ओटीसी बजारमा दर्ता गर्नुपर्छ । ओ.टी.सी. बजार मार्फत धितोपत्रहरुको कारोवार गर्न ईच्छुक कम्पनीहरुले विनियममा तोकिएको ढाँचामा (अनुसूची - १, २ र ३ मा उल्लेख) आवश्यक कागजात संलग्न गरी धितोपत्र दर्ताका लागि आवेदन दिनुपर्छ ।

**कारोबार हुन नसक्ने धितोपत्रहरु :**

देहायका धितोपत्रहरु ओ.टि.सि. बजार मार्फत कारोबार गराइने छैन

- नेपाल सरकार वा नेपाल सरकारको सम्बन्धित निकायहरुबाट रोक्का गरिएका धितोपत्रहरु
- बैंक तथा वित्तीय संस्थाहरुले रोक्का गरेका धितोपत्रहरु
- सम्बन्धित कम्पनीहरुबाट रोक्का गरिएका धितोपत्रहरु
- नेपाल धितोपत्र बोर्ड तथा धितोपत्र बजारले रोक्का गरेका धितोपत्रहरु
- धितोपत्र बजारमा सूचीकृत धितोपत्रहरु

यदि कुनै कम्पनीले सूचीकरणका लागि आवश्यक शर्तहरु पूरा गरेमा पुन: सूचीकरणका लागि आवेदन दिई सूचीकरण भएमा त्यस्ता सूचीकरण भएका धितोपत्रहरु यस बजारको कारोबारबाट स्वत: हटनेछ ।

**कारोबार प्रक्रिया :**

खरिदविक्री आदेश शेयर दलालमार्फत नभई सोझै ओटीसी बजारमा आएर दिन सकिन्छ । ओ.टि.सि. बजारमा दर्ता गरिएका धितोपत्रको कारोबार निम्न प्रकृयाबाट गरिनेछ :

- धितोपत्र बिक्रीकर्ताले बिक्री गर्न चाहेको कम्पनीको धितोपत्र बिक्रीका लागि बिक्री आदेश (अनुसूची-६) तथा सम्बन्धित कम्पनीबाट दस्तखत प्रमाणित गरी आवश्यक कागजात सहित  बुझाउनु पर्नेछ ।

- प्राप्त बिक्री आदेश धितोपत्र बजारले क्रमानुसार दर्ता गर्नेछ ।
- धितोपत्र खरीदकर्ताले खरीद गर्न चाहेको कम्पनीको धितोपत्र खरीद आदेश (अनुसूची-५) भरी दर्ता गराउनु पर्नेछ ।
- धितोपत्र खरीदकर्ताले भरेको खरीद आदेशमा उल्लिखित धितोपत्रको संख्या तथा खरीद गर्न चाहेको मूल्यको दश प्रतिशत रकम धितोपत्र बजारलाई पेश्की स्वरुप बुझाउनुपर्छ ।
- प्राप्त खरीद बिक्री आदेशमा उल्लिखित कम्पनीको नाम तथा धितोपत्र संख्या लगानीकर्ताहरुको जानकारीका लागि मूल्य अंकित पाटी (प्राइस कोटिङ बोर्ड) मा उल्लेख गरिनेछ ।
- धितोपत्र बजारले प्राप्त खरीद/बिक्री आदेशको आधारमा दर्ताक्रम तथा मूल्यलाई आधार मानी मूल्य तथा संख्या बढाबढ वा घटाघट गर्नु पर्नेछ ।
- उल्लिखित प्रकृया अनुसार मूल्य तथा संख्या मिलेमा कारोबार गराइनेछ ।

**नमसारी :**
ओ.टि.सि. बजारमा कारोबार भई नामसारीका लागि पेश गरिएका धितोपत्रहरु सम्बन्धित कम्पनीले यथाशक्य चाँडो नामसारी गरी ओ.टि.सि. बजारमा फिर्ता पठाउनु पर्नेछ । कुनै लगानीकर्ताको स्वामित्वमा रहेको धितोपत्रको दस्तखत प्रमाणित गरे पश्चात कुनै निकायबाट रोक्काको लागि लेखिई आएमा सोको जानकारी धितोपत्र बजारलाई तुरुन्त गराउनु पर्नेछ ।

**राफसाफ :**
राफसाफका लागि धितोपत्र बिक्रेताले गरी दिने लिखत तथा धितोपत्रको प्रमाणपत्र तीन दिन भित्र तोकिएको शाखामा पेश गर्नु पर्नेछ । खरीदकर्ताले खरीद गरेको धितोपत्रको हुन आउने रकम, नामसारी दस्तुर आदि तीन दिन भित्र स्टक एक्सचेञ्ज परिसरमा रहेको बैंक अफ काठमाण्डूको खातामा जम्मा गरी सम्बन्धीत शाखामा पेश गर्नु पर्नेछ । प्राप्त कागजात तथा बैंक भौचरमा उल्लिखित रकम भिडेमा खरीदकर्ताबाट प्राप्त रकम मध्ये बिक्रेताले पाउनु पर्ने रकम धितोपत्र बजारद्वारा संचालित ओ.टि.सि. बजारले हिसाब गरी पाँच दिनमा बैंक मार्फत भुक्तानी दिनेछ ।

**कारोवार शूल्क :**
कारोवार शूल्क तथा कर निम्न बमोजिम हुनेछ :

| कारोबार रकम (रुपैयाँमा) | धितोपत्र बोर्डको शूल्क | धितोपत्र विनिमय बजारको शूल्क | नेपाल सरकारलाई कर |
|---|---|---|---|
| २५,०००।- सम्म | ०.०१५% | २.००% | बिक्रेता प्राकृतिक व्यक्ति भए पूँजीगत लाभ करको लागि १०% र बिक्रेता अप्राकृतिक व्यक्ति भए १५% |
| २५,००१।- देखि ५ लाखसम्म | ०.०१५% | १.५०% | |
| ५ लाख १ देखि माथि | ०.०१५% | १.००% | |

**कारोबार स्थल र सम्पर्क :**
ओ. टि. सि. बजार इकाइ
नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाडौं
फोन : ४२५०५९६

# अनुसूची-१

## आवेदन फाराम

## (सूचीकृत नभएका नयाँ कम्पनी दर्ताको लागि आवेदन पत्र)

मिति :.................

श्री नेपाल धितोपत्र बिनिमय बजार लि.
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

बिषय : दर्ता गराई दिने बारे ।

महाशय,

धितोपत्र **सम्बन्धी ऐन, २०६३ र सो ऐन अर्न्तगत वनेका नियम तथा विनियम** अनुसार यस कम्पनीको धितोपत्र त्यस लि. मार्फत कारोवार हुन सक्ने गराउन सम्पूर्ण आवश्यक बिबरण भरी यो निवेदन पेश गरेका छौं । हाम्रो तल उल्लेख गरे बमोजिम धितोपत्र/डिवेन्चर/अग्राधिकार धितोपत्र दर्ता गरी दिन हुन अनुरोध छ । साथै, धितोपत्र **सम्बन्धी ऐन, २०६३ र सो ऐन अर्न्तगत वनेको नियमावली तथा विनियमावली अनुसार** गर्नु पर्ने कुराहरुको पालना गर्न यस कम्पनीलाई मंजूर भएको ब्यहोरामा समेत अनुरोध छ ।

१.

२.

३.

४.

५.

६.

..........................................
(महाप्रबन्धक/कार्यकारी प्रमुख)
कम्पनीको नाम :

---

(क) धितोपत्रको किसिम अनुसार नाम, संस्था र रकम छुट्टाछुट्टै उल्लेख गर्ने ।
(ख) प्रत्येक कोलममा एकै किसिमको धितोपत्रहरु मात्र उल्लेख गर्ने ।

# अनुसूची-२

## दर्ता गराउंदा सम्बन्धित कम्पनीले भर्नुपर्ने बिबरण

१. कम्पनीको नाम :

२. कुन ऐन अन्तर्गत स्थापना भएको हो :

३. स्थापना मिति :

४. कम्पनी रहेको स्थान :

५. स्थापना हुंदा प्राईभेट लि. हो वा पव्लिक लि. कम्पनी हो :

६. स्थापना हुंदा प्राईभेट लि. भएमा पव्लिक लि. कम्पनीमा परिणत भएको मिति :

७. कम्पनीको दर्ता ठेगाना :

८. कारोबार हुने ईलाका :

९. उद्देश्य र कार्यहरु :

१०. अधिकृत पूँजी :

| क.स. | धितोपत्रको किसिम | अंकित मूल्य | धितोपत्र संख्या | धितोपत्र रकम रु. |
|---|---|---|---|---|
| (क) | साधारण धितोपत्र | | | |
| (ख) | अग्राधिकार धितोपत्र | | | |
| (ग) | | | | |

११. निष्काशित पूँजी :

| क.स. | धितोपत्रको किसिम | अंकित मूल्य | धितोपत्र संख्या | धितोपत्र रकम रु. |
|---|---|---|---|---|
| (क) | साधारण धितोपत्र | | | |
| (ख) | अग्राधिकार धितोपत्र | | | |
| (ग) | जम्मा निष्काशित धितोपत्र पूँजी | | | |
| | जम्मा | | | |

१२. कम्पनी स्थापना भए देखि पुर्नस्थापना, संयुक्तिकरण वा धितोपत्र पूँजीमा घटी बढी गरेर परिवर्तन गरेको भए सो सम्वन्धी बिबरण :

१३. नामसारी दस्तुर :

(क) साधारण धितोपत्र/बोनस धितोपत्र :

(ख) अग्राधिकार धितोपत्र :

(ग) डिवेन्चर :

१४. एकिकरण/विभाजन शुल्क :

(क) एकिकरण :

(ख) विभाजन :

(ग) नविकरण वा पुरानोको वदलामा नयाँ दिनु परेमा :

माथि उल्लिखित व्यहोराहरु पूर्ण सत्य छन् र त्यसमा फरक परेमा प्रचलित नेपाल कानून बमोजिम व्यहोर्नें छु ।

..........................................

(महाप्रबन्धक/प्रबन्ध निर्देशक)

# अनुसूची-३

## दर्ता गर्दा संलग्न गर्नु पर्ने कागजातहरु

१. कम्पनी संचालनमा रहेको अन्तिम वर्षको वित्तीय विवरण ।

२. सूचिकरणका शर्तहरु पूरा नभएका वा सूचीकरण प्रकृयामा नआएका कम्पनीको हकमा आगामी ३ वर्षको प्रक्षेपित वासलात तथा नाफा/नोक्सान हिसाबको विवरण ।

३. कम्पनीको संचालकहरुको नाम, ठेगाना र उनीहरुले ग्रहण गरेको धितोपत्र संख्या ।

४. कम्पनीको दर्ता प्रमाणपत्र ।

५. कम्पनीको उद्देश्य तथा काम कारबाही देखिने कागजात ।

६. कर कार्यालय तथा अन्य निकायहरुमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।

७. धितोपत्र प्रमाणपत्रको नमुना ।

८. व्यवसाय पुनः संचालन गर्ने निर्णय वा संचालनमा रहेको व्यवसायको धितोपत्र यस धितोपत्र बजार मार्फत कारोबार गराउने सम्बन्धमा संचालक समितिले गरेको निर्णय ।

९. कम्पनीको प्रबन्धपत्र तथा नियमावली ।

१०. धितोपत्र धनीहरुको विवरण ।

११. अन्य ।

# अनुसूची-५
## खरीद आदेश

श्री ...............................

.................................

मिति : .........................

विषय : खरीद गरी दिने बारे ।

महाशय,

म/हामीलाई ................................ कम्पनीको .................... खरीद गर्ने ईच्छा भएकोले आजका मिति देखि .............. भित्र .............. कित्ता धितोपत्र/ऋणपत्र/अग्राधिकार धितोपत्र प्रति .......... रु. ..........का दरले खरीद गर्न आवश्यक व्यवस्था मिलाई दिन हुन अनुरोध गर्दछु/छौं ।

भवदीय,

दस्तखत :

नाम, थर :

ठेगाना :

टेलिफोन नं. :

बाबुको नाम, थर :

बाजेको नाम, थर :

नागरिकता नं. :

जारी मिति र स्थान :

## अनुसूची-६

## बिक्री आदेश

श्री ................................

..................................

मिति : ..........................

विषय : बिक्री गरी दिने बारे ।

महाशय,

म/हामीलाई ................................. कम्पनीको ..................... बिक्री गर्ने ईच्छा भएकोले आवश्यक कागजात सहित प्रमाणपत्र नं. ............... क्रम संख्या .............. देखि .................. सम्मको धितोपत्र/ऋणपत्र/अग्राधिकार धितोपत्र को ............ कित्ता यसै साथ संलग्न गरी पेश गरेकोछु/छौं । कृपया ........... दिन भित्र प्रति धितोपत्र/ऋणपत्र/अग्राधिकार धितोपत्र रु. .............का दरले विक्री गरी दिन हुन अनुरोध गर्दछु/छौं ।

भवदीय,

दस्तखत :

नाम, थर :

ठेगाना :

टेलिफोन नं. :

बाबुको नाम, थर :

बाजेको नाम, थर :

नागरिकताको प्र.प.नं. :

जारी मिति तथा जिल्ला :